नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था बिभाग
राष्ट्रिय औषधि प्रयोगशाला
सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
प्रथम पटक प्रकाशित मिति : २०६७।११।६

यस प्रयोगशालाको लागि आ.ब. ०६७।६८ को विनियोजित बजेटबाट आवश्यक र माग अनुसार खरिद हुने केमिकल, ग्लासवेयर तथा एपरेटर्स सामानहरु सिलबन्दी दरभाउपत्र आव्हानको प्रकृयाद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त मुल्य अभिबृद्धि करमा दर्ता भएका इच्छुक कम्पनी तथा सप्लायर्सहरुबाट देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो १५(पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ ।

१) दरभाउपत्र फाराम रु.३००।-(तीन सय) फिर्ता नहुने गरी तिरी यस प्रयोगशाला तथा औषधि व्यवस्था बिभागबाट प्राप्त गर्न सकिने छ ।
२) दरभाउपत्र पेश गर्दा चालू आ.ब. सम्मको लागि नविकरण गरिएको फर्म दर्ता, ०६६।६७ को कर चुक्ता प्रमाणपत्र, आयकर तथा भ्याट प्रमाणपत्र का साथै घोषणापत्र समेत अनिवार्य रुपमा समावेश गरिएको हुनु पर्नेछ ।
३) दरभाउपत्र फाराम गोरखापत्रमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म विक्रि गरिने छ, सोह्रौ दिनको १२ बजे भित्र यस प्रयोगशालामा दर्ता गराई सक्नु पर्नेछ र प्राप्त दरभाउपत्रहरु सोहि दिन दिनको १ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्रमा अंक र अक्षर दुवैमा स्पष्ट रुपमा लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
४) दरभाउपत्र दाखिला गर्ने र खोलिने दिन बिदा पर्न गएमा त्यस पछि लगतै कार्यालय खोलिएको दिनमा दाखिला गर्ने र खोलिने छ ।
५ दरभाउपत्रदाताले दरभाउपत्रमा मूल्य अभिबृद्धि कर (VAT) बाहेकको नेपाली रुपैयामा कबोल अंक भरी पेश गर्नु पर्नेछ ।
६) दरभाउपत्र साथ कबोल अंकको साढे दुई प्रतिशतले हुने रकमको यस प्रयोगशालाको धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर (राष्ट्रिय औषधि प्रयोगशालाको धरौटी खाता नं. स.अ.१३१८७६।०६७) वा यस प्रयोगशालाको पक्षमा जारी गरीएको कम्तिामा चार महिना (१२० दिन) म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) बिड बण्ड पेश गर्नु पर्नेछ ।
७) दरभाउपत्र स्वीकृत भएमा ठेक अंकको पाँच प्रतिशतले हुने रकम धरौटी यस प्रयोगशालाको खाता नं. स.अ.१३१८७६।०६७ मा जम्मा गरेको सक्कलै भौचर वा परफरमेन्स बण्ड दाखिला गर्नु पर्नेछ ।
८) कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस प्रयोगशालामा निहित हुनेछ ।
९) दरभाउपत्र सम्बन्धी अन्य कुराहरु दरभाउपत्र फाराममा उल्लेखित शर्त तथा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ । यस सम्बन्धी अन्य जानकारी चाहिएमा यस प्रयोगशालामा कार्यालय समयमा सम्मर्क राख्न सक्नु हुनेछ ।
१०) दरभाउपत्रमा उल्लेखित केमिकल, ग्लासवेयर तथा एपरेटर्स सामानको दरभाउपत्र खरिद गरी भरी पेश गर्न सकिने छ ।
११) प्रत्येक दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित शर्तको पूर्णरुपले पालना गर्नुपर्ने छ र उपलब्ध गराउन भनिएको विवरण तथा कागजात अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।
१२) दरभाउपत्रमा उल्लेखित परिमाणमा थप घट हुन सक्नेछ ।
१३) दरभाउपत्रदाताले पेश गरेको दररेट आ.ब. भरि नै लागू हुनेछ र सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेख भए अनुसार रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।